**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. ४२७**

**पुनरावेदन नं. ०७७-RB-०३१३**

**मुद्दाः– अग्रिम कर (२०७५/०७६)**

काठमाण्डौ जिल्ला टोखा नगरपालिका वडा नं. ६ स्थित ग्राण्डी इन्टरनेशनल हस्पिटल लिमिटेडको तर्फबाट अख्तियार प्राप्त कम्पनी सचिव अधिवक्ता विकिता बस्नेत..........................................................................................१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं..............................................१ } प्रत्यर्थी

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..............................................१ }

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु निर्णय मितिः- २०७५।१२।०८

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने अधिकारीः- महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः- २०७७।०२।३०

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान बरिष्ठ अधिवक्ता श्री सज्जनवर सिंह थापा र विद्वान अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थी कार्यालयका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः- ×**

पुनरावेदक करदाताको हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।१२।०८ मा भएको अग्रिम कर माग गर्ने निर्णय र सोही निर्णय सदर गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७७।०२।३० को निर्णय समेत उपर राजस्व राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम करदाताको तर्फबाट पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. करदाता ग्राण्डी इन्टरनेशनल हस्पिटल लिमिटेडले आ.व. २०७५/०७६ (२०७५ श्रावण देखि २०७५ कार्तिक मसान्त) सम्मको श्रोतमा कर कट्टीको कागजात, फाँटबारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको कर परीक्षण प्रतिवेदन अनुसार करदाताले आ.व. २०७५/०७६ (२०७५ श्रावण देखि २०७५ कार्तिक मसान्त) सम्ममा श्रोतमा कर कट्टी नगरेको तथा करकट्टी गरी दाखिला नगरेको अग्रिम कर रकम रु.१,१२,१६,३२७।- शुल्क तथा ब्याज सहित माग गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै आधार र कारण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन, २०५८ दफा ९०(८) बमोजिम करदाताको नाममा मिति २०७५।११।०६ मा सूचना जारी गरेको।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।११।०६ मा जारी भएको सूचना करदाताले मिति २०७५।११।१५ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७५।११।३० मा पेश गरेको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट जारी भएको अग्रिम कर कट्टी सम्बन्धी सूचनाका बुँदाहरुमा कुनै परिवर्तन गर्नुपर्ने नदेखिएकोले सोही बमोजिम करदाताको आ.ब. २०७५/०७६ को लागि आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम रु.१,१२,१६,३२७।— शुल्क तथा ब्याज समेत दाखिला गर्न करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५/१२/०८ मा खडा भएको निर्णय पर्चा।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५/१२/०८ मा जारी गरेको आ.व. २०७५/०७६ को अग्रिम कर तर्फको आदेशमा चित्त नबुझी ग्राण्डी इन्टरनेशनल हस्पिटल लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०२/०७ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

५. आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (३) मा रोजगारीको आय मात्र भएको, रोजगार दाता वासिन्दा व्यक्ति भएको, एक पटकमा एउटा मात्र रोजगारदाता भएको, तथा

दफा १२ बमोजिम चन्दा खर्च घटाउन दावी नगरेको अवस्थामा सोही दफाको उपदफा (३) को खण्ड (क) बमोजिमको प्राकृतिक व्यक्तिले दाखिला गर्नु पर्ने कर त्यस्ता वासिन्दा व्यक्तिलाई सो आय वर्षमा रोजगारदाताबाट दिईएका भुक्तानीबाट ऐ ऐनको दफा ८७ बमोजिम कट्टी भएको कर रकमको जम्मा रकम बरावर हुनेछ भन्ने उल्लेख भएको हुँदा उक्त व्यक्तिहरूले अन्यत्र समेतं आय आर्जन गरेको अवस्था भए निजहरूको रोजगारदाताबाट भएको अग्रिम कर कट्टी रकम अन्तिम नहुने र यथार्थ विवरण बुझाई कट्टी भएको कर रकम मिलान गर्न पाउने नै हुँदा निवेदकले परामर्श सेवा वापतको भुक्तानी भनी गरेको उक्त भुक्तानी रकममा प्राकृतिक वासिन्दा व्यक्तिलाई गरेको पारिश्रमिक आय सरहको भुक्तानी मानी निवेदक ग्राण्डी ईन्टरनेशनल हस्पिटल लि. ले मिति २०७५ श्रावण देखि २०७५ कार्तिक महिनासम्म विशेषज्ञ डाक्टरहरूलाई गरेको तलव भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८७(१) बमोजिम पारिश्रमिक आयकर वापत १५, २५ र ३५ प्रतिशतका दरले एकमुष्ठ अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्नेमा परामर्श सेवा भुक्तानी वापत भनी १५ प्रतिशतले हुने रकम मात्र अग्रिम कर कट्टी गरी दाखिला गरेको पाईएकोले उक्त घटी दाखिला भएको कर रू.७३,२४,९४८।०० मा आयकर ऐन, २०५८ आयकर ऐन, २०५८ दफा ११९ बमोजिमको ब्याज रू.२,२८,९०५।०० र ऐ ऐनको दफा १२० को खण्ड (क) मा भएको व्यवस्था अनुसार करदाताले झुट्टा वा भ्रमपूर्ण विवरण दिएर वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई कर कानूनको परिपालना नगरेको अवस्थाका कारण सो कर रकमको ५० प्रतिशतले लाग्ने शुल्क रू.३६,६२,४७४।- समेत गरी अग्रिम कर कट्टी वापत जम्मा कर रकम रू.१,१२,१६,३२७।- माग गर्ने गरी कार्यालयबाट गरेको कर निर्धारण कानून बमोजिम देखिएको हुँदा निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०२।३० मा भएको निर्णय।

६. करदाता हस्पिटलले आफ्ना विशेषज्ञ डाक्टरलाई प्रदान गरेको तलब भुक्तानीमा करदातासंग विपक्षी कार्यालयबाट आयकर ऐन, २०५८ को दफा ८७, ८८(१) बमोजिम भएको अग्रिम कर, दफा ११९ बमोजिम व्याज तथा दफा १२०(क) बमोजिम शुल्क समेत माग गर्ने गरेको आदेश कानूनसम्मत नदेखिएको हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाता श्री ग्राण्डी इन्टरनेशनल हस्पिटल लिमिटेडका तर्फबाट मिति २०७७/०७/२० मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि सहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७८।०९।३० को यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री ग्राण्डी इन्टरनेशनल हस्पिटल लिमिटेडका तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री सज्जनवर सिंह थापा र विद्वान अधिवक्ता श्री नारायण नेपालले करदाताले आ.ब. २०७५/०७६ मा आफ्ना विशेषज्ञ डाक्टरलाई प्रदान गरेको तलब भुक्तानीमा करदातासंग दफा ८७, ८८(१) बमोजिम अग्रिम कर, दफा ११९ बमोजिम व्याज तथा दफा १२०(क) बमोजिम शुल्क समेत माग गर्ने गरी ठूला करदाता कार्यालयबाट भएको आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानुन विपरीत भई त्रुटिपूर्ण हुँदा बदर गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो।

९. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट करदाताको हकमा आ.ब. २०७५/०७६ मा श्रोतमा कर कट्टी नगरेको अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट भएको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत हुँदा सदर कायम हुनु पर्छ भनी बहस प्रस्तुत गर्नु भएको समेत सुनियो।

१०. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकीरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय ललितपुरबाट करदाताको हकमा अग्रिम कर माग गर्ने गरी भएको आदेश र सो आदेशलाई सदर गर्नेगरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

११. निर्णय तर्फ विचार गर्दा, करदाताले श्रोतमा कर कट्टी नगरेको भनी अग्रिम कर माग गर्ने गरी गरिएको आदेश त्रुटीपूर्ण रहेको भन्ने पहिलो पुनरावेदन जिकिर रहेको देखियो। करदाताले पेश गरेको बिशेषज्ञ डाक्टरहरुलाई गरेको तलव भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८७(१) बमोजिम पारिश्रमिक आयकर वापत रू.७३,२४,९४८।- खर्च लेखेको पाइयो। आयकर ऐन, २०५८ को दफा ८७ मा "प्रत्येक वासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची -१ बमोजिमको दरले हुने कर कट्टी गर्नुपर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। ठूला करदाता कार्यालय ललितपुरले आयकर ऐन, २०५८ को दफा ८७(१) बमोजिम सम्बन्धित बिशेषज्ञ डाक्टरहरुको पारिश्रमिक आयकर वापत कर कट्टी गर्नुपर्ने भनी अग्रिम कर माग गरेको देखियो। आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (३) मा रोजगारीको आय मात्र भएको, रोजगार दाता वासिन्दा व्यक्ति भएको, एक पटकमा

एउटा मात्र रोजगारदाता भएको, तथा दफा १२ बमोजिम चन्दा खर्च घटाउन दावी नगरेको अवस्थामा सोही दफाको उपदफा (३) को खण्ड (क) बमोजिमको प्राकृतिक व्यक्तिले दाखिला गर्नु पर्ने कर त्यस्ता वासिन्दा व्यक्तिलाई सो आय वर्षमा रोजगारदाताबाट दिईएका भुक्तानीबाट ऐ.ऐनको दफा ८७ बमोजिम कट्टी भएको कर रकमको जम्मा रकम बरावर हुनेछ भन्ने कानूनी व्यवस्था उल्लेख भएको पाइयो। करदाताले बिशेषज्ञ डाक्टरहरुलाई परामर्श सेवा प्रदान गर्ने उदेश्यले Retainership basis मा सेवा शुल्क प्रदान गरी सेवा प्राप्त गरेको भनी दावी गरेको देखिन्छ। यस्ता बिशेषज्ञ डाक्टरहरुले अन्यत्र पनि परामर्श सेवा प्रदान नगरेको भनी करदाताले दावी लिन सकेको देखिदैन। यस्तो अबस्थामा करदाताले यी डाक्टरहरुलाई दिएको पारिश्रमिकबाट काटिएको अग्रिम कर अन्तिम नहुने हुँदा करदाताले परामर्श सेवा वापत भुक्तान गरेको पारिश्रमिक आय सरहको भुक्तानी मानी रू.७३,२४,९४८।- भुक्तानी हुँदा कै वखत आयकर ऐन, २०५८ को दफा ८७(१) वमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने नै देखिँदा करदाताको पुनरावदेन जिकिरसँग सहमत हुन सकिएन।

१२. करदाताले लिएको दोस्रो जिकिर अग्रिम करमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको मिलेन भन्ने रहेको पाईन्छ। आयकर ऐन, २०५८ को दफा १२० मा कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ" भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भूलवश झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत।" भन्ने कानूनी व्यवस्था गरिएको पाईयो। यो व्यवस्था करदाताले झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गरेको प्रष्ट भएमा त्यस वापत जरिवाना सरह लाग्ने शुल्क देखिन्छ। आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) मा "तथा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० वमोजिमको शुल्क समेत" भन्ने अंश आर्थिक ऐन, २०७७ बाट मात्र थप भएको र उक्त व्यवस्था मिति २०७७।४।१ वाट मात्र प्रारम्भ देखिन आयो। यसरी अग्रिम कर कट्टी गर्ने भुक्तानीमा दफा १२० को शुल्क लाग्ने कानूनी व्यवस्था हुनु भन्दा अघिको आ.व. २०७५/०७६ को हकमा मिति २०७५।१२।०८ मा अग्रिम कर माग गर्दा दफा १२०(क) को शुल्क समेत गणना गरी कर निर्धारण गरेको आदेशमा कानूनको पश्चातदर्शी असर (Retrospective Effect) पर्ने गरी प्रयोग गरेको त्रुटी समेत विद्यमान देखिँदा उक्त निर्णय सो हदसम्म न्यायोचित देखिएन।

१३. तसर्थः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता ग्राण्डी इन्टरनेशनल हस्पिटल लिमिटेड (स्थायी लेखा न. ३०४१३९४२८) को आ.ब. २०७५/०७६ को आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग

गर्दा ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७५।१२।०८ मा आयकर ऐन, २०५८ को दफा १२० को खण्ड (क) बमोजिम शुल्क समेत गणना गरेको र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०२।३० मा भएको निर्णय समेत सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। करदाताको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

**<u>तपसील</u>**

१. माथि ठहर खण्डमा लेखिए बमोजिम ठूला करदाता कार्यालयले अग्रिमकर माग गर्दा त्यस्तो रकममा आयकर ऐन, २०५८ को दफा १२० को खण्ड (क) बमोजिम शुल्क समेत गणना गरेको र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०२।३० मा भएको निर्णय समेत सो हदसम्म केही उल्टी हुने ठहरेकोले दफा १२०(क) बमोजिमको शुल्क वापत बुझाएको रकम करदाताले फर्ता पाउने हुँदा हिसाव गरी आगामी आ.ब.को हिसाबमा मिलान गर्नू भनी ठूला करदाता कार्यालयमा लेखी पठाईदिनू।
२. फैसलाको प्रतिलिपी जानकारीको लागि बिशेष सरकारी वकीलको कार्यालयलाई दिनू।
३. सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।
४. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
५. यस मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०८० साल जेष्ठ २२ गते रोज २ शुभम...............................
प्रमाणिकरण मितिः-
फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप